कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

Google Plus Code

6M2Q+5V7 Kohalpur

प.सं.: २०८०/०८१

च.नं.:

मितिः २०८०/०४/१४

## सहकारी संस्थाका सञ्चालक तथा ऋणी सदस्यहरुका लागी जारी जरुरी सूचना ।

कोहलपुर नगरपालिकाको नियमन क्षेत्रभित्र रही कोहलपुर नगरपालिकाको सहकारी ऐन २०७४ बमोजिम सञ्चालनमा रहेका सहकारी संस्थाहरुबाट ऋण लिएका सहकारीका सदस्यहरुले ऋण तिर्ने भाका नाघिसक्दा समेत ऋण नतिर्ने र सो सम्बन्धमा सहकारी संस्थाले पटक पटक ताकेता गर्दा समेत सम्पर्कमा नआउने, नटेर्ने र केही सहकारी संस्थाहरुले बचतकर्ताको बचत गरेको रकम समेत फिर्ता नगरी सम्पर्कविहिन हुने, गैर जिम्मेवार बन्ने प्रवृत्ति बढिरहेको सन्दर्भमा पालिकालाई सूचना प्राप्त भईरहेको छ ।

यस्ता गैर जिम्मेवारपूर्ण कार्य नगर्नु नगराउनु हुन र ऋण लिएका शेयर सदस्यहरुले ऋणको सावा र ब्याज भुक्तानी गर्नुहुन, बचतकर्ताको बचत रकम फिर्ता गरी कार्यालय सञ्चालनको व्यवस्था मिलाउनुहुन अनुरोध छ । साथै उक्त अनुरोधलाई वेवास्ता गरी ऋण नतिर्ने ऋणी सदस्य र कार्यालय सुचारु नगर्ने सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरुको नाम सार्वजनिक गर्नुका साथै भविष्यमा यस नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाबाट बञ्चित गरी प्रचलित कानुन बमोजिम कारवाहीको प्रक्रिया अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८०/०४/१४

.............................

(बीर बहादुर बि.के.)

अधिकृत छैठौं

बीर बहादुर बि.क.

अधिकृत (छैठौं तह)

info@kohalpurmun.gov.np, admin.section@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun